# भाग ५

## नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

### सूचना १

नेपाल सरकारले सशस्त्र प्रहरी बल, नेपालका कुल १२० जना कर्मचारीलाई (वसन्त र शरद ऋतुमा ६०/६० जना गरी) एक वर्षभित्र मनाङ जिल्लास्थित चुलु सुदूर पूर्व चुली (६०५९ मि.) हिमाल आरोहण गर्दा पर्वतारोहण नियमावली, २०५९ को नियम ४ को उपनियम (१) बमोजिम लाग्ने सलामी दस्तुर रु.१८,००,०००/- (अठार लाख रुपैयाँ) सोही नियमावलीको नियम ३२ बमोजिम छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले नेपाल स्थित अमेरिकी दूतावासमा कार्यरत कूटनीतिज्ञ Mr. Michael Harker (Diplomatic ID No. ID2409292995) लाई सन् २०२६ को Spring season मा सगरमाथा आरोहण गर्दा पर्वतारोहण नियमावली, २०५९ को नियम ४ को उपनियम (१) बमोजिम लाग्ने सलामी दस्तुर अमेरिकी डलर १५००० (पन्ध्र हजार){नेपाली रुपैयाँ २२,५०,०००/-( बाइस लाख पचास हजार)} एक पटकको लागि छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**मुकुन्द प्रसाद निरौला**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।